नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय,**
धुन्चे, रसुवा

फोन नं. ०१०-५४०१३१
हटलाईन: ०१०-५४००१९(२४सैं घण्टा)
ईमेल: rasuwadao@gmail.com
वेवसाईट: daorasuwa.moha.gov.np
Google Plus Code 476W+J6F
बागमती प्रदेश, नेपाल


०८३/८४
पत्र संख्या :-
चलानी नं. :- ६२९

## उपभोक्ता हित संरक्षण सम्बन्धी अत्यन्त जरूरी सूचना।

मिति २०८३/०५/१० गते रसुवागढी नाका भई नेपाल प्रवेश गर्ने भोटेकोशी नदीमा आएको बाढीका कारण जिल्लामा अधिकांश स्थलगत सवारी आवागमन ठप्प रहेको र सडक सञ्जाल पुनः स्थापित गर्ने कार्य अत्यन्तै द्रुततर रुपमा भइरहेको बेहोरा सर्वविदित नै छ। विपद्पश्चात् वस्तु तथा सेवाको आपूर्ति प्रणाली प्रभावित भएको वर्तमान अवस्थामा बारम्बार जानकारी एवम् सचेत गराउँदा गराउँदै पनि केही सवारी साधनबाट तोकिएको भन्दा बढी भाडादर लिने, साथै केही व्यवसायीबाट वस्तु तथा सेवाको अनुचित मुल्य वृद्धि गर्ने, कृत्रिम अभाव सिर्जना गर्ने तथा आम उपभोक्ता हित विपरितका अन्य कार्य गर्ने गरेको गुनासो सम्बन्धमा गम्भिर ध्यानाकर्षण भएको छ। विपद्को यस समयमा सवारी साधनहरूमा तोकिए बमोजिम भाडादर मात्र लिनुहुन, साथै, वस्तु तथा सेवाको अनावश्यक मूल्यवृद्धि नगर्न/नगराउन तथा उपभोक्ता हित विपरितका कुनै पनि कार्य नगर्न/नगराउन सम्बन्धित सबैमा यो सूचना प्रकाशन गरिएको छ। साथै, यस्ता अनुचित कार्य भए गरेको पाइएमा कानून बमोजिम भईजाने बेहोरा समेत अनुरोध छ।

मिति: २०८३।०६।२४ गते, ने.सं. ११४६

(दिपेश रिजाल)
सहायक प्रमुख जिल्ला अधिकारी